महाकुलुङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङ सोलुखुम्बु ।
प्रदेश नं.१ नेपाल

स्थानिय सरकारबाट प्रकाशित राजपत्र

# महाकुलुङ राजपत्र

## जेष्ठ नागरिक सेवा तथा आश्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

गाउँ सभाबाट स्वीकृत मिति २०७९।११।२९ गते

## जेष्ठ  नागरिक सेवा तथा आश्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

प्रस्तावाना

जेष्ठ नागरिकको हकलाई कार्यान्वयन गर्न र जेष्ठ नागरिकमा रहेको ज्ञान सिप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण सम्बन्धी कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले नेपालको संविधान, २०७२ को धारा ४१ तथा स्थानीय सरकार संचालन ऐन,२०७४को दफा ११ उपदफा (त) को (३) ले दिएको अधिकार प्रयोग गरी  महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको वैठकवाट  **"जेष्ठ नागरिक सेवा तथा आश्रम सञ्चालन र व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७९"** तयार गरी यो कार्यबिधि जारी गरिएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१ **संक्षिप्त परिचय र प्रारम्भः** १) यस कार्यविधिको नामः "जेष्ठ  नागरिक सेवा तथा बृद्धआश्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९ " रहेको छ ।

२ यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिवाट राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त लागु हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यक्रम खर्च"** भन्नाले प्रयोजन खुलाई लक्षित वर्गले प्रत्यक्ष सेवा पाउने गरी लक्ष्य कार्यक्रम र वजेट खुलेको खर्च भन्ने सम्झनु पर्दछ ।

ख) **"प्रशासनिक खर्च"** भन्नाले सेवा तथा भाडा कार्यालय समान जस्ता चालु खर्च सम्झनु पर्दछ ।

ग) **"मन्त्रालय"** भन्नाले महिला तथा वालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई सम्झनु पर्दछ ।

घ) **"स्थानीय तह"** भन्नाले महाकुलुङ गाउँपालिकालाई सम्झनु पर्दछ ।

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

२) कम्तीमा १० जना जेष्ठ नागरिकलाई आश्रय दिने, हेरचाह गर्ने वा सेवा केन्द्र वा आश्रममा देहाय बमोजिमका पुर्वाधार तथा सुविधा भएको हुनु पर्नेछ र १० जना भन्दा बढी जेष्ठ नागरिकलाई आश्रय दिने भएमा पुर्वाधार तथा सुविधा पनि सोही अनुपातमा बृद्धि गर्नु पर्नेछ ।

क) प्रत्येक जेष्ठ नागरिकका लागी कम्तिमा ४० बर्ग मिटर फिट सतह पर्ने गरी कोठाको व्यवस्था भएको ।

ख) जेष्ठ नागरिक मैत्री भवन भएको र भवनको कम्पाण्डको क्षेत्रफल भवनले ओगटेको क्षेत्रफलको कम्तिमा दोब्बर भएको ।

ग) पति पत्नीको हैसियतमा एकै साथ रहेका जेष्ठ नागरिक भएकोमा वाहेक महिला र पुरुषको वसोवासका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था भएको र देहाय बमोजिम सुविधाहरु हुनु पर्नेछ ।

क) कम्तिमा २ वटा शौंचालय भएको (महिला र पुरुषका लागि अलग/अलग )

ख) कम्तिमा २ वटा स्नान गृह भएको (महिला र पुरुषका लागि अलग/अलग)

ग) भान्छा र भण्डारण कक्ष - १/१

घ) भोजन कक्ष - १

ङ) अध्यन तथा टि.भि. कक्ष- १

च) प्राथमिक उपचार कक्ष- १

छ) प्रतिक्षालय- १

ज) पुस्तकालय / वाचनालय- १

झ) व्यायमशाला / खुल्ला चौर -१

ञ) स्वच्छ पिउने पानीको व्यवस्था भएको

ट) भवनका कोठाहरुमा हावा र प्रकाशको पहुँचका लागी पर्याप्त झ्यालहरु भएको ।

ठ) दिर्घरोगी सरुवा रोग लागेको अशक्त जेष्ठ नागरिकलाई वस्नको लागी (त्यस्तो रोगको उपचारमा ध्यान दिई छुट्टै प्रवन्ध गर्नुपर्नेछ।

## परिच्छेद ५

### ६) जनशक्ति सम्वन्धी व्यवस्थापन:-



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

घ) सम्वन्धित स्थानीय तहमा कार्यरत जेष्ठ नागरिकसंग सम्बन्धित संघ संस्थाका प्रतिनिधि वा अभियान्ता(१ जना महिला पर्ने गरि) - २ जना सदस्य

ङ) स्थानीय अस्पताल तथा स्वास्थ्य चौकी प्रमुख – सदस्य

च) प्रत्येक वडाका वडा अध्यक्षहरु – सदस्य

छ) स्थानीय तहको महिला, वालवालिका तथा जेष्ठ नागरिक हेर्ने शाखा प्रमुख – सदस्य

ज) प्रमुख प्रशासकिय अधिकृतले तोकेको सम्वन्धित स्थानीय तहको कर्मचारी - सदस्य सचिव

२) समितिको कामं कर्तव्य र अधिकार स्थान छनौट संचालन र व्यवस्थापन सम्वन्धी व्यवस्था:

१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) जेष्ठ नागरिक सेवा तथा आश्रम मा आउने जेष्ठ नागरिकलाई पुऱ्याउने सेवा र सहजताको लागि प्रभावकारि व्यवस्थापन र समन्वय गर्ने ।

ख) आश्रममा भएको भौतिक तथा अन्य सामाग्रीको संरक्षण र सही उपयोग गर्ने व्यवस्था मिलाउने ।

ग) कुनै प्रकारको समस्या तथा अप्ठारो परिस्थिति आईपरेमा तत्काल सम्बोधन गर्ने र अन्य निकायको आवश्यकता भएमा सम्पर्क गरी समस्या समाधान गर्ने ।

घ) निकासा भएको रकम प्रचलित कानून बमोजीम खर्च गर्ने ।

ङ) खर्च विवरणको अभिलेख राख्ने ।

च) खर्च तथा काम कार्वाहीको प्रतिबेदन तयार गरी मन्त्रालयमा पेश गर्ने ।

## परिच्छेद ४

५) सेवा केन्द्र तथा आश्रम सञ्चालनका लागी देहाय वमोजिमको मापदण्ड हुनु पर्नेछ ।

१) सेवा केन्द्र तथा आश्रम सञ्चालनका लागी न्यूनतम पुर्वाधार तथा सुविधा सम्वन्धी मापदण्ड देहाय वमोजिम रहनेछ ।

ङ) **"सेवा/आश्रम/ हेरचाह केन्द्र"** भन्नाले जेष्ठ नागरिकलाई शुल्क लिई वा नलिई पालन पोषण तथा हेरचाह गर्नको लागि ऐन वमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचनालाई सम्झनु पर्दछ ।

च) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको यस कार्यविधिसँग मेल खाने समान उद्देश्य भएको धार्मिक तथा सामाजिक सस्था भन्ने बुझाउदछ ।

छ) **"जेष्ठ नागरिक"** भन्नाले ६० बर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनुपर्दछ ।

ज) **"असाय जेष्ठ नागरिक"** भन्नाले देहायको कुनै वा सबै अवस्थाको जेष्ठ नागरिकलाई सम्झनु पर्दछ ।

१) जिवनयापन गर्ने कुनै आधार आयस्रोत वा सम्पती नभएको ।

२) पालन पोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको ।

३) परिवारको सदस्य भए पनि निजले पालन पोषण नगरी अपहेलना वा उपेक्षित जीवनयापन गर्नु परेको ।

झ) **"अशक्त जेष्ठ नागरिक"** भन्नाले शारीरिक वा मानसिक रुपले अशक्त जेष्ठ नागरिक सम्झनु पर्दछ ।

ञ) **"पालन पोषण तथा हेरचाह"** भन्नाले जेष्ठ नागरिकलाई खाने लाउने बस्ने घुमफिर गर्ने मनोरञ्जन गर्ने र धार्मिक कार्यमा संलग्न हुने तथा स्वास्थ्य सेवाको व्यवस्था मिलाउने जस्ता कार्य सम्झनु पर्दछ ।

ट) **"परिवारको सदस्य"** भन्नाले जेष्ठ नागरिकको देहायको नातेदार सम्झनु पर्दछ ।

१) सगोलको छोरा, बुहारी,छोरी, छोरा तर्फको नाती, नातीनी ।

२) उपखण्ड (१) बमोजिमका सदस्य नभएमा छुट्टिई भिन्न वसेको छोरा, बुहारी ,छोरी, छोरा तर्फको नाती, नातीनी

३) उपखण्ड (२) वमोजिमका नातेदार समेत नभएमा नजिकका अन्य नातेदार

ठ) **"हकवाला"** भन्नाले मुलुकी ऐन अपुतालीको महल बमोजिम जेष्ठ नागरिकको अपुताली खान पाउने हकवाला सम्झनु पर्दछ।

ड) **"कोष"** भन्नाले दफा १७ वमोजिम स्थापना भएको जेष्ठ नागरिक कल्याण कोष सम्झनु पर्दछ ।



नेचाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कोशी प्रदेश, नेपाल

ढ) **"स्वास्थ्य विमा"** भन्नाले नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमलाई सम्झनु पर्दछ ।

**परिच्छेद २**

३) उदेश्यः सेवा केन्द्र तथा आश्रम संचालन गर्नुको उदेश्य देहायबमोजिम रहेको छ ।

क) दिनको समयमा जेष्ठ नागरिक भेटघाट गर्ने अवसर जुटाई दिनु ।

ख) जेष्ठ नागरिकमा रहेको ज्ञान,सिप अनुभव एक अर्कामा आदान प्रदान एंव यूवा पुस्तामा हस्तान्तरण हुने वातावरण वनाउनु ।

ग) जेष्ठ नागरिकमा हुने नैराश्यता तथा एक्लोपनको महशुसलाई कम गरी जीवन सहज र रमाईलो बनाउनु ।

घ) जेष्ठ नागरिक प्रति सम्मान गर्दै राज्यले अभिभावकत्व ग्रहण गरी कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु ।

ङ) जेष्ठ नागरिकले आफुसंग भएको सिपको उपयोग गरि कुनै समानको उत्पादन /निमार्ण गर्न /बिक्री बितरण गर्न चाहेमा त्यसको लागि उत्पादन /निर्माण विक्री वितरणको व्यवस्था मिलाउनु ।

च) जेष्ठ नागरिकद्धार उत्पादित समाग्री / प्रकाशित पुस्तक आदिको बिक्रि वितरणको लागि विक्रि कक्ष उपलव्ध गराई सहजीकरण गर्नु ।

परिच्छेद ३

४) सेवा केन्द्र तथा आश्रम संचालन सम्वन्धी व्यवस्था गर्नका लागि देहाय बमोजीमको पालिका स्तरीय समिति गठन हुनेछ ।

१) जेष्ठ नागरिक सेवा केन्द्र वा आश्रम सञ्चालन तथा व्यवस्थापन लागि स्थानीय तह वा पालिकामा देहाय बमोजिमको १३ सदस्य समिति गठन गरिने छ ।

क) सम्वन्धित स्थानीय तहको प्रमुख / अध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) प्रमुख / नेपाल प्रहरी (सम्वन्धित स्थानीय तह हेर्ने ) – सदस्य

नेचाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

१)जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम संचालन तथा व्यवस्थापनका लागे देहाय वमोजिम जनशक्ति व्यवस्थापन हुनेछ ।

२)स्वास्थ्य कर्मी सहित अन्य जनशक्तिको व्यवस्थापन सम्वन्धमा:-

क) हेल्थ असिष्टेन्ड / सामुदायिक सहायक चिकित्सक / स्टाफ नर्स / अक्जुलरी नर्स मिडवाईफ – १ जना पाँचौ/चौथो तह

ख) सरसफाईकर्मी/ कार्यालय सहयोगी – १ जना श्रेणी विहिन

ग) खाना तथा खाजा बनाउने (भान्से) – १ जना श्रेणी विहिन

घ) व्यवस्थापक/ सुपरभाईजर – १ जना पाँचौ तहको

**३)पारिश्रमिक सुविधा तथा विदा सम्वन्धी व्यवस्था:**

क) जनशक्तिको व्यवस्था महाकुलुङ गाउँपालिकाको गाउँ सभाबाट विनियोजित(कार्यक्रम) रकमबाट तलव भत्ता दिईने गरी सेवा करारमा लिने व्यवस्था मिलाईनेछ ।

ख) नियूक्ति गरिएका वा हुने स्वास्थ्यकर्मि तथा अन्य कर्मचारीको तलब भत्ता तथा सुविधा महाकुलुङ गाउँपालिकाबाट व्यहोरिने छ साथै जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम सञ्चालन तथा व्यवस्थापनमा खटिएका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको पारिश्रमिक दुई पक्षिय संझौता वमोजिम हुनेछ ।

ग) पहिले देखि संचालनमा भएका जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रममा कार्यरत कर्मचारीहरुको हकमा समेत यो सुविधा लागू हुनेछ ।

घ) न्यूनतम तलब भत्ता भन्दा कम हुने छैन ।

ङ) प्रक्रियामा करारमा प्राविधिक कर्मचारि व्यवस्थापन गर्ने कार्यविधि,२०७८ वमोजिम हुनेछ भने सेवा करारमा भर्ना भएका कर्मचारीहरुले स्थायी पदपूर्तिका लागि समेत दावि गर्न पाउनेछैनन् ।

च) यसरी अस्थायी दरवन्दी सिर्जना गरिएको पदको पदपुर्ती स्थायी सेवावाट पदपूर्ति गरिने छैन ।

छ) **जेष्ठ नागरिक सेवा तथा आश्रम संचालन तथा व्यवस्थापनमा खटिने कर्मचारीहरुको विदा महिनामा १ दिन र बर्षमा १२ दिने हुनेछ ।**

# परिच्छेद ६

**७)जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम सञ्चालन तथा व्यवस्थापनः**

१)जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रमको सञ्चालन रेखदेख र समन्वय सम्वन्धित जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम संचालन तथा व्यवस्थापन समिति सम्वन्धित वडाहरु र गाउँपालिकाले गर्नेछ ।

२)जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने उपचारसँग सम्वन्धित औषधी तथा उपकरण महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखाले गर्नेछ भने अन्य सामाग्रीहरुको हकमा पालिका तथा सञ्चालन तथा व्यवस्थापन समितिले आपुर्तिको व्यवस्था मिलाउनेछ ।

३) जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रममा काम गर्ने कर्मचारीहरुको व्यवस्थापन तथा कामको रेखदेख पालिका सम्वन्धित वडा तथा जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम संचालन तथा व्यवस्थापन समिति गर्नेछ ।

४) जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रमको भवन निर्माण मर्मत सम्भार र आवश्यक पर्ने उपकरणको व्यवस्थापन गर्ने जिम्मेवारी सम्वन्धित पालिकाको हुनेछ ।

५)सेवा केन्द्रमा वस्ने लाभग्राहीको अनिवार्य स्वास्थ्य विमा गर्नु पर्नेछ ।

८)जेष्ठ नागरिक सेवा तथा बृद्धआश्रम संचालन तथा व्यवस्थापन सम्वन्धी देहाय वमोजिमको कोष रहनेछ ।

१)जेष्ठ नागरिक कल्याण कोषः

क)जेष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्न एक ज्येष्ठ नागरिक कल्याण कोष स्थापना गरिनेछ ।

ख)उपदफा १ वमोजिम कोषमा देहाय वमोजिमका रकम रहने छन् :-

१) नेपाल सरकारवाट प्राप्त रकमः

२) विदेश सरकार विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ सस्थावाट प्राप्त रकमः

३) स्वदेशी व्यक्ति वा संघ सस्थावाट प्राप्त रकमः

४) अन्य कुनै स्रोतवाट प्राप्त रकम

५) उपदफा (२) को खण्ड (ख) वमोजिमको रकम प्राप्त गर्नु अघि जेष्ठ नागरिक सेवा तथा आश्रम संचालन तथा व्यवस्थापन समितिले गाउँपालिकावाट पुर्वस्वीकृती लिनु पर्नेछ ।

६) उपदफा १ बमोजिमको कोषमा रहने रकम जेष्ठ नागरिक सेवा तथा आश्रम संचालन तथा व्यवस्थापन समितिको नाममा रहेको नेपाल राज्यको कुनै राष्ट्रिय बाणिज्य बैकमा खाता खोली जम्मा गरिनेछ ।

७) उपदफा १ वमोजिमको कोषको रकम जेष्ठ नागरिक सेवा तथा आश्रमले जेष्ठ नागरिकहरुको संरक्षण तथा सामाजिक सुरक्षा गर्नका लागी मात्र प्रयोग गरिनेछ ।

८) उपदफा ५ वमोजिम कोषको रकम प्रयोग गर्दा पालिकाले स्थापना गरेको सेवा/ आश्रम/ हेरचाह केन्द्रमा प्रचलित कानूनको अधिनमा रही सोही सेवा /आश्रम/ हेरचाह केन्द्रमा खर्च गर्न सक्नेछ ।

९) यस दफामा जुनसुकै कुरा लेखीएको भएता पनि कुनै व्यक्तिलाई निजको व्यक्तिगत प्रयोजनको लागी कोषबाट कुनै रकम दिन वा वितरण गर्न सकिने छैन ।

१०) उपदफा (१) वमोजिमको कोषको संचालन तोकीए वमोजिम हुनेछ ।

९) लेखा परिक्षण

क) कोषको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली वमोजिम हुनेछ ।

ख) कोषको लेखा परीक्षण लेखा परिक्षकबाट हुनेछ ।

ग) लेखा तथा अभिलेख व्यवस्थापन जेष्ठ नागरिक सेवा तथा आश्रम संचालनमा खटिएका कर्मचारीहरु र मुख्य जिम्मेवारी व्यवस्थापक वा सुपरभाईजरको हुनेछ ।

१०) आश्रममा अनाउनु पर्ने बिधि

क) संयुक्त राष्ट्रिय संघको घोषणा अनुसार प्रत्येक वर्षको अक्टुवर १ मा( असोज१५ ) मनाइने अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसमा यस नागरिक सेवा तथा बृद्धआश्रममा सो कार्यक्रम संचालन गरी मनाउने व्यवस्था मिलाईने छ ।



महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

उक्त कार्यक्रम संचालनका लागि महिला जेष्ठ नागरिक तथा वालवालिका शाखाले मुख्य भुमिका खेल्नेछ । बिभिन्न दातृ निकाय तथा संघ संस्थाहरुले पनि कार्यक्रम गर्न वाधा पुग्ने छैन । कार्यक्रम गर्दा नागरिक सेवा तथा बृद्धआश्रममा भएकाहरुलाई भोजन,लत्ताकपडा जेष्ठ नागरिकका लागी सम्मान हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

११) जेष्ठ नागरिक सेवा ,आश्रम संचालन तथा व्यवस्थापन केन्द्रमा देहायका ब्यक्तिहरु रहनेछन् ।

क)आश्रममा बस्नका लागि अपनाउनु पर्ने बिधि र प्रक्रियाहरु बृद्धाश्रममा बस्नका लागि निम्न अनुसार प्रक्रिया पुरा गरी दिएका अनुसूची १ को ढाँचामा दिएको निवेदन उपर छानविन गरी स्थान खाली भएमा क्रमिक रुपले वसोवास गराउदै जाने व्यवस्था गरिएकोछ ।

१)६५ बर्ष उमेर पुरा भएका

२)छोराछोरी, दाजुभाई ,घर परिवारका सदस्य कोही नभएका

३)नेपाल अधिराज्य निजको नाममा कुनै जग्गा जमिन सम्पत्ति नभएकाहरु मात्र

४)नेपाल धर्म निरपेक्ष राज्य भएको हुदाँ सबै धर्म संस्कार र संस्कृती भएका समाज समुदायका व्यक्तिहरु यस आश्रममा वस्न र रहन पाउनेछन् ।

५)परिवारको सदस्य भए पनि निजले पालन पोषण नगरी अपहेलना वा उपेक्षित जीवनयापन गर्नु परेको ।

१२) जेष्ठ नागरिक सेवा ,आश्रम संचालन तथा व्यवस्थापन केन्द्रमा कस्ता ब्यक्तिहरु योग्यता नभएको मानिने छ ।

१)आँखा नदेख्ने हिडडुल गरी शौचालय स्नान गर्न नसक्ने

२)सरुवा रोग भएकाहरु

**१३) अन्य नियमहरु**

१)छोरा,छोरी,सन्तान सम्पत्ति भएका घर परिवारमा अनमेल भई आश्रममा आफ्नो खर्चले खान वस्न चाहनेले आश्रमले तोकेको रकम तिर्न मञ्जुर भएमा आश्रमको नियम र निर्णय अनुसार बसोवासको व्यवस्था गरिन्छ।

**१४) आश्रममा रहेका ब्यक्तिहरुको अन्तिम दाहसंस्कार सम्वन्धी व्यवस्था:**



महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१)　आश्रितहरुको अन्त्येष्टि सम्वन्धी व्यवस्थाः-

क)हरेक मानिसले यो संसारमा जन्म लिएपछि मर्नै पर्ने अनिवार्य छ मर्न कोही चाहदैन जिवनको अन्तिम घडीमा पनि उसले केही समय वाँच्न रहर गरेको हुन्छ तर प्यारो घर परिवार, प्रशस्त धनसम्पती र दौलत जे जस्तो भए पनि छोडेर जानै पर्ने विधिको नियम हो सेवा केन्द्र वा आश्रममा रहेका आश्रित सदस्यहरुको मृत्यु भएमा आफ्नै परम्परा अनुसार संस्कार कार्य हुनेछ । उनीहरुकै चाहना अनुसार समितिले आवस्यक व्यवस्था गर्ने छ भने सन्तान हुने बृद्धका आफन्तलाई बोलाई सतगत गराउने छ तर सन्तान नआएमा वा निजहरुको कोही आफन्त नभएको अवस्थामा भने आश्रमवाटै उनीहरुको संस्कार र संस्कृती अनुसार सतगत समितिले व्यवस्था मिलाउने छ । जसका लागि कुनै वाधा पर्नेछैन ।

१५) कार्यविधिको व्याख्याः

यो कार्यविधि महाकुलुङ गाउँ कार्यपालिकाको बैठकवाट पारित भई राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ । कार्यविधि लागु हुनु भन्दा अगाडी नागरिक सेवा तथा बृद्धआश्रम संचालन तथा व्यवस्थापन सम्वन्धमा भएका गरेका कामकार्वाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

१६)यस कार्यविधिलाई आवश्यक संशोधन वा थपघट गर्नु पर्ने भएमा कार्यालयले कार्यपालिकाको बैठकवाट थपघट वा संशोधन गरी गाउँसभावाट अनुमोदन गर्नु पर्नेछ भने सोको सूचना राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

आज्ञाले
पदम बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

### जेष्ठ नागरिक सेवा ,आश्रम संचालन तथा व्यवस्थापन केन्द्रमा प्रबेश गर्नु अघिको बिवरण फारम

मिति

नाम थरः .............................................. उमेरः- ....................लिङगः-..............................

स्थायी ठेगानाः- .............................................................. धर्मः- ..................................................

सम्पर्क नं. :- ..............................................................

१) तपाईको वैवाहिक स्थिती कस्तो छ ?

क) अविवाहित ख) विवाहित ग) पारपार्चुके घ) विधुर/विधवा

२) जेष्ठ नागरिक सेवा ,आश्रम संचालन तथा व्यवस्थापन केन्द्रमा आउनु भन्दा अगाडि तपाईको परिवार कस्तो प्रकारको थियो ?

क) संयूक्त ख) एकल

३) जेष्ठ नागरिक सेवा ,आश्रम संचालन तथा व्यवस्थापन केन्द्रमा आउनु भन्दा अगाडि तपाईको सँग वस्नु हुन्थियो ?

क) एक्लै ख) श्रीमान् श्रीमति ग) छोरासँग घ) छोरीसँग वा अन्य सँग

४) तपाईको विचारमा ज्येष्ठ नागरिक बस्न उपयूक्त ठाँउ कुन हो जस्तो लाग्छ ?

क) परिवारसँग ख) एक्लै ग) आश्रमहरुमा घ) अन्य

५) हाल तपाईको परिवार हुनु हुन्छ की हुनुहुन्न ?

क) छन् ख) छैनन्

६) परिवारसँग किन नवस्नु भएको ?

क) कसैले वास्ता नगरेर ख) आयस्रोत नभएर ग) खानपान नमिलेर घ) अन्य

७) हजुरले कति पढ्नु भएकोछ ?

क) निरक्षर ख) साक्षर ग) अनौपचारिक शिक्षा घ) माध्यमिक शिक्षा

८) तपाई कसरी यहाँ आईपुग्नु भयो ?

क) पारिवारिक कारण

१) छोरा छोरी नभएर ख) छोरा छोरी भएर ग) छोरामात्र भएर घ) छोरी मात्र भएर ङ) स्वेच्छाले च) पारिवारिक हेला भएर छ) अन्य

२) सामाजिक कारणः समाजवाट अपहेलना, तिरस्कार, आरोप

३) आर्थिक कारणः आफ्नो आयस्रोत नभएर, छोरा/छोरी/श्रीमान/श्रीमतिको आयस्रोत नभएर / अन्य

४) राज्यका कारणः सडक विस्तार,सार्वजनिक भवन निर्माण, पुल, जलविद्धुत, सेना, प्रहरी क्याम्प र स्थापना /अन्य

५) भवितब्य र दुर्घटनाः वाढि,पहिरो,आगलागी, वस दुर्घटना, भुकम्प क्षति/ अन्य

६) धार्मिक तथा साँस्कृतिक कारणः धर्म प्रासीका लागि परम्परागत सोचाई र चालचलन

९) के तपाई काम गर्न सक्नु हुन्छ ?

क) सक्छु ख) सक्दिन

१०) कस्तो खालको काम गर्न सक्नु हुन्छ?

क) कृषि ख) पुजारी ग) हस्तकला घ) सामान्य

११) तपाई काम गर्न सक्नु हुन्छ सक्नु हुन्छ भने कस्तो काम गर्न सक्नु हुन्छ ?

....................................................................................................................

....................................................................................................................

....................................................................................................................

१२) तपाईको स्वास्थ्य स्थीति कस्तो छ ?

क) सामान्य ख) नराम्रो ग) गम्भिर खालको छ ।

१३) तपाई आँखा देख्न सक्नु हुन्छ ?

क) सक्छु ख) अलिकम देख्छु ग) देख्दिन .

१४) तपाईलाई दिर्घरोग छ ?

क) दम ख) मुटुको रोग ग) मधुमेह घ) अल्सर ङ) छाहरे रोग च) क्यान्सर छ) अन्य

१५) तपाईलाई चुरोट सुर्तिको अमल छ ?

क) छ ख) छैन

१६) सामाजिक सुरक्षा भत्ता तपाई के मा खर्च गर्नु हुन्छ ?

क) ....................................................................................................................

ख) ....................................................................................................................

ग) ....................................................................................................................

१७) तपाईको स्वास्थ्य विमा गरेको छ ? छ भने कार्ड छ की छैन ?

क) ....................................................................................................................

ख) ....................................................................................................................

ग) ....................................................................................................................

१८) तपाई तिर्थ यात्रा गर्न चाहनु हुन्छ ? हुन्छ भने को सँग जान चाहानु हुन्छ ? / किन उहाँ संगै जान चाहानु हुन्छ? व्यक्तिको नाम लेखे ।

क) ....................................................................................................................

ख) ....................................................................................................................

ग) ....................................................................................................................

१९) तपाई सेवा केन्द्रमा किन वस्न चाहनु हुन्छ ? कारणहरु सोध्नु होस र लेख्नुहोस ।

क) ....................................................................................................................

ख) ....................................................................................................................

ग) ....................................................................................................................

घ) ....................................................................................................................

समाप्त

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु, नेपाल

अनुसूची २

| फोटो |
|---|
| |

## हेरचाह केन्द्रमा रहेका जेष्ठ नागरिकहरुको व्यक्तिगत विवरण फारम

दर्ता नं. :-

आ.ब. :-

व्यक्तिगत विवरण **( Personal Information )**

| | | | | |
|---|---|---|---|---|
| नाम (देवनागरिमा) | | | | |
| Name (Block Letter) | | | | |
| ठेगाना(Address) | जिल्ला (District) | गाउँ पालिका (Rural municipality ) | वडा नं.(Ward No.) | टोल(Tole) |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| बुवाको नाम (Father Name ) | | | | |
| आमाको नाम (Mother name ) | | | | |
| वाजेको नाम (Grand Father name ) | | | | |
| महिलाको हकमा श्रीमानको नाम: (House | | | | |
| जन्म मिति (Birth Date ) | | | | |
| नागरिकता नं. (Citizenship No.) | | विमा परिचय पत्र नं. | | मतदाता परिचय पत्र नं. |
| जेष्ठ नागरिक कार्ड नं. | | | | |
| सेवा केन्द्रमा प्रवेश मिति | | | | |

पारिवारिक विवरण **(Family Information)**

| | | | |
|---|---|---|---|
| श्रीमानको नाम | | ठेगाना:- | |
| परिवार संख्या Family Member | | | |
| छोरा वा नातीहरुको नाम Soon / | | छोरी वा नातिनीहरुको नाम / | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

| | |
|---|---|
| सेवा केन्द्र प्रवेश गर्नु अघिको बस्तुगत बिवरण | |
| | |

स्वास्थ्य अवस्था **( Health Detail Information )** (कार्यालय प्रयोजनका लागि)

| | |
|---|---|
| शारिरिक अवस्थाको जाँच (Physical Examination ) | |
| मानसिक अवस्थाको जाँच (Mental Health Condition) | |

स्वास्थ्य परिक्षण **( Health Checkup)**

<u>सेवा केन्द्रमा वस्ने व्यक्तिको मन्जूरीनामा</u>

म........................................................ जिल्ला .................................नपा/गापा ........................वडा नं........... वस्ने ..............................................को छोरा/छोरी/श्रीमति ....... वर्षको म मेरो घरमा मेरो रेखदेख गर्ने कोही नभएको र म एकाघरमा वस्दै आएको छु । मेरो घरमा मेरो पालनपोषण गर्ने कोही नभएकाले यो पवित्र सेवा केन्द्रमा वस्न पाए मेरो लालन पालन राम्रो हुने भएकोले मेरो मन्जुरीमा म आफै यहाँ वस्न आएको हुँ। सेवा केन्द्रमा वस्दा सेवा केन्द्रको नियम पुर्णरुपमा पालना गर्न मेरो मन्जुरी छ । मलाई मेरो छोरा/छोरी/नाती/नातीनी तथा दाजुभाई वाट अपहेलना वा हेला भई यस आश्रममा आएको नभई मेरो राजिखुशीले आएको हुँ भनि यस सेवा केन्द्रमा कार्यरत कर्मचारी तथा सेवा केन्द्र संचालक समितिका पदाधिकारीहरुको रोहवर दायाँ वायाँ सहि छाप गरि दियौं लियौं ।

नाम र थरः.........................................
स्थायी ठेगानाः ...................................
सहीछापः..............................................
फोन नं. ..............................................

| Photo | |
|---|---|
| दा | वा |

<u>संरक्षकको मन्जुरीनामा</u>

म................................................यस सेवा केन्द्रमा वस्न आउने को ...............................................(नाता) पर्ने.......................................................... हुँ । मेरो.......................................................(नाता) यस सेवा केन्द्रमा आफ्नो राजिखुसी र हामी सवैको सरसल्लाहमा आउनु भएको हो । हामी सेवा केन्द्रको नियम र निर्णयलाई पुर्णरुपमा पालना गरि हाम्रो अविभावकलाई राख्न मन्जुरी छौं । यस सेवा केन्द्रमा वस्दा उमेर र रोगको कारण तलमाथी भएमा हामीवाट कुनै कानूनी सिकायत हुनेछैन । सेवाकेन्द्रमा वस्दाका वखत कुनै दिर्घरोग वा गम्भिर रोग लाग्न गई अन्यत्र लगी वा बिषेशज्ञ सेवा दिनु पर्ने भएमा मेरो अविभावकलाई उपचार गराउन र खर्च व्यहोर्न म र हाम्रो परिवार मन्जुरी छौं । साथै अन्तिम अवस्थामा हाम्रो अविभावकलाई हामी घर लान समेत तयार छौं भनि सेवा केन्द्रका कर्मचारी तथा समितिका पदाधिकारीहरु समक्ष सहिछाप गरि दियौं लियौं ।

नाम र थरः.........................................
स्थायी ठेगानाः ...................................
सहीछापः..............................................
फोन नं. ..............................................

| संरक्षकको फोटो | |
|---|---|
| दा | वा |

ईति सम्वत्.........................साल...........गते ........................ रोज शुभम्

अनुसूची ४

सेवा केन्द्रमा पोषिलो खाना सम्वन्धी व्यवस्था

महाकुलुङ गाउँपालिका

स्थानीय स्तरमा उपलव्ध हुने खाद्य पदार्थमध्ये सम्वन्धित सेवा केन्द्र संचालक समितिले सेवा केन्द्रमा जेष्ठ नागरिकहरुलाई देहायका समुह अनुसारका खाद्य सामाग्रीहरु सिफारिस गरिएको छ ।

| क्रस | खाद्य सामाग्रीको समुह | | पटक | मात्रा |
|---|---|---|---|---|
| १ | कार्बोहाईड्रेट समुह (शक्ति दिने खाना ) | चामल,गहुँ, मकै, कोदो, फापर, जौ, आलु, तरुल, सखरखण्ड,पिडालु आदी | २ | आवश्यकता अनुसार |
| २ | प्रोटिन समुह (शरिर विकास गर्ने) | भटमास, सिमी, केराउ, चना, गेडागुडी माछा, मासु, अण्डा | २ | आवश्यकता अनुसार |
| ३ | मिनेरल समुह (शक्ति दिने प्रतिरक्षात्मक ) | हरियो सागपात र अन्य हरियो तरकारीहरु | २ | आवश्यकता अनुसार |
| ४ | भिटामिन मिनरल्स (शरिरका अङगहरुको सन्तुलित विकास र कार्य क्षमता बृद्धि गर्ने ) | स्याउ, सुन्तला, जुनार, नासपाती, मेवा ,केरा ,किवि, आल्वा, आरु, अम्वा आदी (स्थानिय स्तरमा प्राप्त हुने) | १ | आवश्यकता अनुसार |
| ५ | जिङक | वदाम | १ | आवश्यकता अनुसार |
| ६ | चिल्लो पदार्थ समुह | घ्यू तेल नौनी दुध दही | २ | आवश्यकता अनुसार |
| | | | | आवश्यकता अनुसार |

आज्ञाले

पदम बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बु. सोलुखुम्बु कोशी प्रदेश, नेपाल